# वातावरण सहज बनाउने सम्बन्धमा आठ राजनीतिक दलहरुको प्रतिबद्धता

संविधानसभाको निर्वाचन २०६४ साल जेठ महिनामा सम्पन्न गर्ने आठ राजनीतिक दलहरुको समझदारी, विस्तृत शान्ति सम्झौता, नेपाल सरकार, नेकपा (माओवादी) र संयुक्त राष्ट्र संघका बीच भएको त्रिपक्षीय सम्झौता तथा नेपालको अन्तरिम संविधान, २०६३ का सबै प्रावधानहरुको प्रभावकारी कार्यान्वयनमा पुनः जोड दिंदै वातावरण सहज बनाउने सम्बन्धमा आठ राजनीतिक दलहरुको तर्फबाट निम्नलिखित प्रतिबद्धता गरिएको छ :

१. द्वन्द्वको सन्दर्भमा हालसम्म माओवादी पक्षको नियन्त्रणमा रहेका नीजि वा सार्वजनिक वा सरकारी घर, जग्गा, कार्यालय, कल-कारखाना, सवारीसाधन आदि समेतका सम्पत्ति सम्बन्धित व्यक्ति र निकायलाई फिर्ता गरिएको छ । यसरी फिर्ता भएको घर, जग्गा, कल-कारखाना, कार्यालय समेतका सम्पत्ति त्यसको स्वामित्व राख्ने व्यक्ति तथा संस्थालाई उपभोग र उपयोग गर्ने काममा कतैबाट वाधा अवरोध भएमा कानून बमोजिम प्रशासनले कारवाई गर्नेछ । यसको कार्यान्वयन भए नभएको सम्बन्धमा यसै प्रतिबद्धता बमोजिम गठन भएको अनुगमन समितिले पन्ध्र दिनभित्र सर्वदलीय बैठकमा प्रतिवेदन पेश गर्नेछ ।

२. उद्योग, कल-कारखाना र शिक्षण संस्थाहरुका भवन र परिसरमा रहेका सेनाहरुलाई त्यहाँबाट हटाइने छ ।

३. हालसम्म बन्दी अवस्थामा कारागारमा रहेका माओवादीहरुलाई २० दिनभित्र रिहा गरिनेछ । विभिन्न मुद्दा लागेका वा त्यस्ता मुद्दामा फैसला भई सजाय पाएका माओवादीहरुलाई राज्यको तर्फबाट अविलम्ब मुद्दा फिर्ता लिइनेछ । वेपत्ता भएकाहरुको खोजी कार्य अन्तरिम सरकारबाट तुरुन्त आरम्भ गरिनेछ ।

४. माओवादी नियन्त्रणमा रहेकाहरु सबैलाई मुक्त गरिएको छ तथा मुद्दा र अभियोग लगाइएकाहरुका त्यस्ता अभियोग र मुद्दा खारेज गरिएको छ । जोरजबर्जस्ति, डर, धाक-धम्कीका कुनैपनि प्रकारका कामहरु कतैबाट पनि नहुने कुरामा पुनः जोड दिइएको छ ।

५. वन, जंगल, बगैंचा लगायतका प्राकृतिक सम्पदाको संरक्षण गर्दै, काठ, जडिबुटि, बालुवा, ढुंगा लगायतका स्रोतहरुको गैर कानूनी उपयोग रोकिनेछ । यसको विपरित कहीं कतै, कसैबाट काम कारवाई भएमा त्यसलाई प्रशासनिक र कानूनी कारवाई गरी रोकिनेछ ।

६. देशको अमनचयन तथा सामान्य जनताको उपभोग्य सामान ढुवानी र विकास प्रशासन तथा जनवजीवनलाई असर पार्दै आएका निरन्तरका हडताल, बन्द, चक्काजाम र घेराउ जस्ता कार्यहरु रोकी संविधानसभाको निर्वाचन निर्वाध रुपमा सम्पन्न गराउन मद्दत पुऱ्याइने छ ।

७. कसैको पनि इच्छा विपरित चन्दा संकलन गर्ने काम सम्पूर्ण रुपमा बन्द गरिनेछ र औद्योगिक शान्ति कायम गरिनेछ । उद्योगमा आएका विवादहरु श्रमिक र व्यवस्थापन बीच शान्तिपूर्ण संवाद र कानूनी प्रक्रियाद्वारा सुल्झाइनेछ ।

८. राजस्व संकलन तथा सार्वजनिक ठेक्का-पट्टा जस्ता कुराहरुमा कतैबाट कुनै प्रकारको हस्तक्षेप हुनदिइने छैन र भएमा सरकारले त्यसलाई प्रशासनिक एवं कानूनी रुपमा रोक्नेछ ।

९. शान्ति सम्झौतामा गरिएको सहमति तथा नेपाल सरकार, नेकपा (माओवादी) र संयुक्त राष्ट्र संघका बीच भएको सम्झौताका प्रभावकारी कार्यान्वयनमा जोड दिंदै हतियार व्यवस्थापनको कार्य यथाशीघ्र सम्पन्न गर्न संयुक्त राष्ट्र संघलाई आव्हान गरिन्छ ।

१०. कानून बमोजिम रहेका, शिविरमा दर्ता भएका तथा सहमति बमोजिम नेतृत्वको सुरक्षाकालागि माओवादीसंग रहेका हतियार बाहेकका हतियार गैर-कानूनी ठहरिनेछन् ।

This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

११. गैर कानूनी रुपमा रहेका जो कसैका हतियार सरकारले कब्जा गरी त्यसरी हतियार राख्ने व्यक्तिहरुलाई पक्राउ गरी कारवाई गरिनेछ।

१२. माओवादी सेनाका लडाकुहरु रहेका अस्थायी शिविरहरुलाई सुव्यवस्थित गरिनेछ।

१३. विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानका प्रावधानहरुलाई सबै पक्षबाट पूर्ण परिपालन गर्ने कुरामा पुनः जोड दिइएको छ।

१४. शान्ति सम्झौता तथा उक्त प्रतिबद्धताहरुको कार्यान्वयन पक्षको अनुगमनका लागि सबै जिल्लामा स्थानीय तहमा क्रियाशील राजनीतिक दलका जिल्ला प्रतिनिधिहरु रहेको अनुगमन समिति गठन गरिनेछ। आवश्यकता बमोजिम उक्त अनुगमन समितिले अन्य दल र व्यक्ति समेतलाई बैठकमा आमन्त्रण गर्नसक्नेछ। अनुगमन समितिको संयोजनका सम्बन्धमा अन्तरिम सरकारको तर्फबाट तुरुन्त व्यवस्था मिलाइनेछ।

१५. संविधान सभाको निर्वाचनमा अवरोध पुर्‍याउने प्रतिगामी षडयन्त्रलाई परास्त गर्न पूर्ण प्रतिबद्ध रहँदै यस दिशामा सरकारलाई पूर्ण रुपले क्रियाशील रहन आग्रह गरिन्छ।

| | |
|---|---|
| १. नेपाली काँग्रेसका सभापति | श्री गिरिजाप्रसाद कोईराला |
| २. नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव | श्री माधवकुमार नेपाल |
| ३. नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का अध्यक्ष | श्री प्रचण्ड |
| ४. नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति | श्री शेरबहादुर देउवा |
| ५. जनमोर्चा नेपालका अध्यक्ष | श्री अमिक शेरचन |
| ६. नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)का उपाध्यक्ष | श्री भरत विमल यादव |
| ७. नेपाल मजदूर किसान पार्टीका अध्यक्ष | श्री नारायणमान विजुक्छे |
| ८. संयुक्त बाममोर्चाका अध्यक्ष | श्री सि.पी. मैनाली |

२०६३।१२।१६

This document was created using SmartPDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com